मार्क्सवाद-लेनिवाद-माओवाद- जिन्दावाद !

# राष्ट्रिय युवा जनस्वयम्सेवक

## National Youth People's Volunteer

### केन्द्रीय समिति

### Central Committee

## प्रेस वक्तव्य

हिजो साउन २६ गते ललितपुरको धापाखेलबाट हाम्रो संगठन राष्ट्रिय युवा जनस्वयम्सेवकका केन्द्रीय सचिवालय सदस्य विजय के.सी.लाई प्रहरीले गिरफ्तार गरेको घटनाप्रति हाम्रो संगठनको गम्भीर ध्यानाकर्षण भएको छ । संगठनका केन्द्रीय अध्यक्ष उदयबहादुर चलाउनेका नाममा चुरेभावर पार्टीका अध्यक्ष भनिने भुमि निरौलाले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिएको जानकारी पश्चात् सो चुरेभावर पार्टीको कुनैपनि तहको कार्यालय नभएकोले सो बारे बुझ्न उहाँलाई पठाइएको थियो । भेटघाट पश्चात् फर्कदै गरेको बेला बाटोबाटै प्रहरीले उहाँलाई गिरफ्तार गरेकोले उक्त घटनाको घोर भर्त्सना गर्दै संगठनका जिम्मेवार नेता बिजय के.सी.को अविलम्व रिहाइका लागि स्थानीय प्रशासन समक्ष जोडदार माग गर्दछौं । विषयलाई अतिरञ्जित बनाएर तन्काउने प्रयास भएमा कडा संघर्षमा उत्रन बाध्य हुनुपर्ने कुरालाई समेत सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

श्रावन २७, २०७०

उदयबहादुर चलाउने
अध्यक्ष